बुङ्गल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खिरातडी बझाङ्ग
सुदुरपश्चिम प्रदेश नेपाल

प.सं.०८०।०८१
च.नं.९५३

**प्रथम पटक प्रकाशित मितिः२०८०।११।१०**

## साना सिँचाई कार्यक्रम संचालनका लागि प्रस्तावना पेश सम्बन्धी सूचना ।

उपरोक्त विषय सम्बन्धमा यस कार्यालयको आ.ब ०८०।०८१ को सशर्त अनुदान कार्यक्रम अन्तर्गत **साना सिँचाई निर्माण तथा मर्मत सहयोग कार्यक्रम** अन्तर्गत साना सिँचाई निर्माण,प्लाष्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक कृषि उद्यमी, कृषक समुह ,कृषि सहकारी संस्था, र कृषि फर्महरुले सूचना प्रकाशित भएको मितिले १५ दिन (**मिति २०८०/११/२५**) भित्र यस बुङ्गल नगरपालिका कृषि विकास शाखामा तपसिल बमोजिमका कागजात सहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### आवेदन साथ पेर्श गर्नु पर्ने कागजातहरु

१. अनुसूचि १ अनुसारको आवेदन फारम ।
२. कृषक समुह र सहकारीको हकमा कार्यक्रममा सहभागीका लागि निर्णयको प्रतिलिपि।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
४. संस्थाको छाप ।
५. सम्बन्धीत निकायमा दर्ता भएका कृषक समुह, सहकारी संस्था र कृषी फर्म दर्ता तथा नविकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी । कर चुक्ता प्रमाणपत्रको प्रतिपिलि र स्थायी लेखा प्रमाण पत्र (PAN)को प्रतिलिपि ।
६. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
७. जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि ।
८.अन्य जानकारी का लागि बुङ्गल नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ । सम्पर्क नं.९८६८४१००३५

माधव प्रसाद जोशी
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री सुचना प्रविधि शाखा सुचना Web site मा अपलोड गरि दिन हुन ।
श्री १ देखी ११ वटै वडा कार्यालय सबै सुचना टाँस गरि दिन हुन ।
श्री रेडियो सेरोफेरो सूचना प्रसारण गरि दिन हुन ।

नि. प्रमुख प्रशासकीय अधिकृत